# डुवर्सबाट लेखिएका नेपाली कथाहरूको लोक सांस्कृतिक अध्ययन

– **नवीना थापा**
नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय

**सार** – लोक संस्कृतिले लोकका रीति–थीति, रहन–सहन, धर्म, विश्वास आदिको अध्ययन गर्छ। जसरी मानिसको अस्तित्व समाजबाहिर कल्पना गर्न सकिँदैन त्यसरी नै लोक संस्कृतिको अस्तित्व लोकदेखि बाहिर अनुमान गर्न सकिँदैन। आँगन, दलान, गाउँ–बेसी, पाखा–पखेरा, मेला–पात, धर्म, कर्म र श्रम आदिमा नै लोक संस्कृति स्वतः प्रदर्शित छ। लोक संस्कृति भन्नाले लोकले सिकेको, ग्रहण गरेको लोकाचार, रीति–थिति, प्रथा, मान्यता, विश्वास हो। लोक संस्कृतिको क्षेत्र विस्तृत भएको हुनाले प्रस्तुत पत्र अन्तर्गत डुवर्सका नेपाली कथाहरूको लोक सांस्कृतिक अध्ययनलाई लोक संस्कार सम्बन्धित कथा, चाड पर्व सम्बन्धित कथा अनि लोक विश्वास सम्बन्धित कथा गरी तीन वर्गमा विभाजन गरी अध्ययन गरिने प्रयास गरिएको छ।

**बीज शब्द** – लोक संस्कृति,लोक विश्वास, लोक रीति, लोक संस्कार, चाडपर्व, लोक विश्वास सम्बन्धित कथा।

**१. डुवर्स क्षेत्रको परिचय**

‘डुवर्स’ क्षेत्र पूर्वमा सुनकोस नदीदेखि पश्चिममा टिस्टा नदीले लगाएको सिमानासम्म, दक्षिणमा जलपाइगडी जिल्लाको समतल भूमि र उत्तरमा दार्जिलिङ जिल्ला र भुटान राज्यको सीमारेखाभित्र अवस्थित रहेको छ। टिस्टादेखि सुनकोससम्म लगभग १८० किमी फैलिएको भूभागलाई ‘डुवर्स’

भनिन्छ। 'डुवर्स' क्षेत्र 'जलपाइगडी' र 'अलिपुरद्वार' गरी दुईवटा जिल्लामा विभक्त भएको छ। डुवर्समा नेपाली साहित्यको थालनी इ सं १९२९–मा हैकमसिंह राईको **गोर्खा समाज सुधारको आवश्यकता** (राई, इ सं १९९७, पृ–९) निबन्धबाट भएको मानिन्छ तर कथा विधामा भने अहिलेसम्मको तथ्य अनुसार मायादेवी योञ्जनको 'जानिएको थिएन' कथालाई नै पहिलो प्रकाशित कथा मानिन्छ। पश्चिम बङ्गालको जलपाइगडी र अलिपुरद्वार जिल्ला अन्तर्गत टिस्टा र सुनकोस खोलाका प्राकृतिक सीमाले घेरिएको भूभाग नै डुवर्स क्षेत्रका रूपमा परिचित छ। भुटान, बङ्गलादेश, नेपाल जस्ता अन्तर्राष्ट्रिय सिमाना भएको पूर्वीय हिमालयको फेदमा अवस्थित यो भूभाग लगभग २.३८५ वर्ग किलोमिटरमा फैलिएको छ। यो भूभाग पूर्वमा सुनकोस, पश्चिममा टिस्टा नदी, उत्तरमा भुटान र दार्जिलिङ अनि दक्षिणमा कुचविहारको समतल भूमिमा अवस्थित डुवर्स क्षेत्रभित्र १७७ वटा गाउँ–वस्ती र १५२ वटा चिया कमानहरू (प्रधान, इ सं १९९४, पृ–१६०) पर्दछन्।

## २. लोक संस्कृतिको सैद्धान्तिक परिचयश

'लोक संस्कृति' शब्द अङ्ग्रेजी शब्द 'फोक कल्चर'–को नेपाली पर्याय हो। साधारण अर्थमा 'लोक' भनेको मानिस अनि 'संस्कृति' भन्नाले संस्कार, पहिलेदेखिको रहनसहन, आचार–विचार, वेशभूषा (ढुंगाना (सम्पा), इ सं २०११, पृ–५००) आदि बुझिन्छ अर्थात् लोकले पहिलेदेखि मान्दै आएका आचार–व्यवहार, रीति, परम्परा आदिलाई नै लोक संस्कृति भनिन्छ। लोक संस्कृति भनेको लोकले आफै सृजना गरेको अथवा लोकद्वारा स्वतः निर्मित भएको संस्कृति हो। देवीप्रसाद 'वनवासी' अनुसार लोक संस्कृति इतिहास र संस्कृति भन्दा पुरानो हो। लोक संस्कृति मानव सभ्यताका मूल तत्त्व इतिहास, धर्म, संस्कृति, भाषा साहित्य र कलाको ब्याड हो भने पनि अत्युक्ति हुँदैन। उनले 'लोक संस्कृति किसानका जनजीवन र लोक संस्कृति एक अर्काको सापेक्षतामा बाँचेका हुर्केका र रमाएका हुन्छन्' भन्ने विचार प्रस्तुत गरेका छन् (बन्धु, इ सं २००९, पृ–१४९)। लोकद्वारा परम्परित रूपमा चल्दै आएको संस्कृतिलाई लोक संस्कृति भनिन्छ भने कुनै लोकको सांस्कृतिक अध्ययनलाई लोक सांस्कृतिक अध्ययन भनिन्छ। लोक सांस्कृतिक अध्ययन अन्तर्गत लोक व्यवहारमा, प्रचलनमा आइरहेका परम्परित रीति–थीति, धर्म साथै संस्कृतिसँग सम्बन्धित कुरा आउने गर्दछन्। लोक सांस्कृतिक शब्द अङ्ग्रेजी शब्द 'फोक कल्चरल'–को नेपाली पर्याय हो। सांस्कृतिक शब्दले संस्कृति अर्थात् संस्कार, रहनसहन, आचारविचार, वेशभूषा आदि सँगसँगै सामाजिक, ऐतिहासिक, वैज्ञानिक अध्ययन जस्ता बृहत् क्षेत्रलाई पनि समेटेको छ। तर सांस्कृतिक शब्दमा 'लोक' शब्द उपसर्गका रूपमा रहेकाले यस शब्दले लोकमा वा मानिसमा परम्परित रूपमा चल्दै आइरहेको संस्कृति भनेर सीमित पारेको छ।

लोकवार्ताविद् चूडामणि बन्धुले अमेरिकाली विद्वान् विलियम बास्कमलका **लोकवार्ता सम्बन्धी**

**आधार** (इ सं १९६८)–लाई आधार मानेर लोक वार्तालाई चार वर्गमा विभाजन गरी लोक विश्वास र लोक रीति, लोक कला र भौतिक संस्कृतिलाई लोक संस्कृतिभित्र समाविष्ट गरेका छन् (बन्धु, इ सं २००९, पृ–१५)। लोक विश्वास अन्तर्गत भूतप्रेत, बोक्सी, जादु, धामी–झाँक्री, शकुन–अपशकुन आदिबारे जनविश्वास एवम् तीसँग सम्बन्धित लोक व्यवहारहरू पर्दछन् भने लोक रीति एवम् व्यवहारहरूमा जीवनका संस्कार, चाडपर्व, व्रत, उपवास र पूजाविधि, सम्मान र अभिवादनका विधि तथा धर्म, विश्वास र मान्यताका सबै अभिव्यक्तिहरू पर्दछन्। प्रस्तुत पत्रमा लोक विश्वास, लोक रीति एवम् व्यवहार अन्तर्गत लोक संस्कार, चाडपर्व अनि लोक विश्वास यी तीन विषयलाई आधार मानी डुवर्सका नेपाली कथाहरूको लोकसांस्कृतिक अध्ययन गरिएको छ। लोकमा प्रचलित तन्त्र–मन्त्र, टुना–मुना, भूत–प्रेत, देवी–देवता, शकुन–अपशकुन, रहन–सहन, रीति–रिवाज, नृत्य, कला–कौशल, बाजा–गाजा, तीज, मेला, उत्सव आदिले लोक संस्कृतिको निर्धारण गर्दछन्। लोक सांस्कृतिक दृष्टिले डुवर्सका नेपाली कथाहरूलाई तीनवटा वर्गमा वर्गीकरण गरी अध्ययन गरिएको छ–

**१ लोक संस्कार सम्बन्धित कथा**

संस्कार मानव सभ्यता र संस्कृतिको महत्वपूर्ण अङ्ग हो। संस्कारको अर्थ हो शुद्ध गर्ने वा पूर्ण बनाउने प्रक्रिया वा विधि। सांस्कृतिक सन्दर्भमा संस्कारलाई मानव जीवनको आस्था व्यक्त गर्ने समाजलाई सभ्य, सुसंस्कृत बनाई व्यक्तिलाई समाजको योग्य अङ्ग बनाउँदै उसका मोक्षसम्मका लागि आध्यात्मिक मार्ग निश्चित गर्ने व्यवहारहरूको सङ्गालो भन्न सकिन्छ। जसरी कुनै भाषामा शब्दका अर्थ हुन्छन् त्यस्तै मानव निर्मित संस्कारमा पनि प्रत्येक व्यवहार, त्यसमा प्रयुक्त वस्तु, इसारा वा प्रतीकहरूको अर्थ हुन्छ भन्दै संस्कार सम्बन्धी मानवशास्त्री र्‍याड्क्लिफ ब्राउन भन्छन् भने सी जी होमान्सले संस्कारलाई मानव समाजले आफ्नो सदस्यको आत्मविश्वास वृद्धि गर्न, चिन्ता हटाउन तथा अनुशासन कायम गर्न आयोजना गरेका क्रियाकलापको नाउँ हो भनी परिभाषित गरेका छन् (खत्री, इ सं २००४, पृ–१३१)। संस्कारलाई आर्नोल्ड भान जेनेपले 'द राइटस् अफ पासेज (१९७२)'– मा तीन वर्गमा विभाजन गरेका छन्–

क. स्थानान्तरण संस्कार (गर्भावस्थादेखि–उपनयनसम्मको संस्कार)
ख. समाविष्ट संस्कार (विवाह संस्कार)
ग. पृथकीकरण संस्कार (मृत्यु संस्कार)

(खत्री, इ सं २००४, पृ–१३१)

**२. चाडपर्व सम्बन्धित कथा**

चाडपर्व भनेको रमाइलोसँग मनाउने र पूजा आदि गरिने विशेष पर्व, मिठा मिठा खानेकुरा खाने र रमाइलो गर्ने अवसर (पराजुली, इ सं २०१५ , पृ–३८३) हो। प्रत्येक चाडपर्व पछाडि धार्मिक अनुष्ठान अनि त्यससँगै वैज्ञानिकता पनि लुकेको हुन्छ। चाडपर्वले मानिस मानिसमाझ, मानिस र प्रकृतिमाझ सम्बन्ध जोडने काम गर्छ। चाडपर्वले आपसी भाइचारा, स्नेह सम्बन्ध, सदाचार आदि अभिवृद्धि गरी ईश्वर वा संस्कृतिप्रति श्रद्धाभाव जागृत गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्दछ। नेपाली जातिमा प्रचलित चाडपर्वहरूलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ–

क. हर्षोल्लास सम्बन्धी पर्व
ख. कृषि तथा पशु सम्बन्धी पर्व
ग. दाम्पत्य जीवन सम्बन्धी पर्व
घ. दाजु–भाइ/दिदी–बहिनीबीचको स्नेह सम्बन्धी पर्व
ङ. धार्मिक पर्व

**३. लोक विश्वास**

लोकले आफ्नै ढङ्गले गर्ने पत्यार वा विश्वास नै लोक विश्वास हो। लोक विश्वास मानसिक तहमा जीवनको सुरुदेखि नै घोकाई सहज रूपले टाँस्सिदै आएको, स्वाभाविक तहको लोकको विश्वास हो (सुवेदी, इ सं १९९८, पृ–५५)। लोक विश्वास भन्नाले परापूर्वकालदेखि लोकले आफ्नो अन्तरआत्मादेखि पत्याउँदै आएको परम्परित पद्धति रीतिथीति, चालचलन तथा लोक संस्कृति सम्बन्धी विश्वास हो जसमा भूतप्रेत, जादुटुना, धाँमी–झाँक्री, शकुन–अपशकुन, लोक व्यवहार आदि सम्बन्धी विश्वासहरू पर्दछन्। लोक विश्वासलाई मुख्यतः तीन वर्गमा वर्गीकरण गरिएको छ–

क. भाग्य र कर्म सम्बन्धी लोक विश्वास,
ख. संस्कारप्रति लोक विश्वास,
ग. दानव्रत सम्बन्धी लोक विश्वास।

अतः निष्कर्षमा भन्नु पर्दा लोक संस्कृति भनेको विचार, चेतना, धारणा, मान्यता, विश्वासहरूको कलात्मक र क्रियात्मक स्वरूप हो। लोकद्वारा परम्परित रूपमा चल्दै आएको संस्कृतिलाई नै लोक संस्कृति भनिन्छ। लोक सांस्कृतिक अध्ययन अन्तर्गत लोक व्यवहारमा, प्रचलनमा आइरहेका परम्परित

रीति–थीति, धर्म साथै संस्कृतिसँग सम्बन्धित कुरा आउने गर्दछन्।

### ३ डुवर्सबाट लेखिएका नेपाली कथाहरूको लोक सांस्कृतिक अध्ययन

लोक संस्कृति लोकद्वारा निर्मित संस्कृति हो। लोक संस्कृति नै लोक जीवनका अभिन्न अङ्ग हुन्। जसरी मानिसको अस्तित्व समाजबाहिर कल्पना गर्न सकिँदैन त्यसरी नै लोक संस्कृतिको अस्तित्व लोकदेखि बाहिर अनुमान पनि गर्न सकिँदैन। स्थान विशेषका आधारमा लोकको जीवन जिउने कला भिन्न हुन सक्छ तर संस्कृति वा संस्काररहित भने हुँदैन। लोक संस्कृति भनेको विचार, चेतना, धारणा, मान्यता, विश्वासहरूको कलात्मक र क्रियात्मक स्वरूप हो। लोकद्वारा परम्परित रूपमा चल्दै आएको संस्कृतिलाई लोक संस्कृति भनिन्छ भने लोकको सांस्कृतिक अध्ययनलाई लोक सांस्कृतिक अध्ययन भनिन्छ। लोक सांस्कृतिक अध्ययन अन्तर्गत लोक व्यवहारमा, प्रचलनमा आइरहेका परम्परित रीति–थीति, धर्म साथै संस्कृतिसँग सम्बन्धित कुरा आउने गर्दछन्। डुवर्सका नेपाली कथाहरूको लोक सांस्कृतिक अध्ययनलाई प्रस्तुत पत्रमा लोक संस्कार सम्बन्धित कथा, चाडपर्व सम्बन्धित कथा अनि लोक विश्वास सम्बन्धित कथाहरू गरी तीनवटा आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ।

### ३.१ लोक संस्कार सम्बन्धित कथा

संस्कार भन्नाले अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, सुधार, शुद्धता, संशुद्धि वा पवित्र पार्ने काम (पराजुली, इ सं २०१५, पृ–१२०९) भनेर बुझिन्छ भने लोकले अनुसरण गर्दै आएका यही संस्कारहरूलाई लोक संस्कार भन्न सकिन्छ। नेपाली समाजमा प्रचलित लोक संस्कारहरूलाई स्थानान्तरण संस्कार (गर्भावस्थादेखि–उपनयनसम्मको संस्कार), समाविष्ट संस्कार (विवाह संस्कार) र पृथकीकरण संस्कार (मृत्यु संस्कार) (खत्री, इ सं २००४ , पृ–१३२) गरी तीन वर्गमा राखी अध्ययन गर्न सकिन्छ। डुवर्सका नेपाली कथाहरूमा पाइने लोक संस्कार सम्बन्धित कथाहरूमा सूर्यनारायण क्षेत्रीको 'गाडधन', विष्णु शर्मा अधिकारीको 'बौलाहा र डढेलो', 'यस्तो पनि हुँदोरै'छ', शङ्कर प्रधानको 'सापट' कथालाई लिन सकिन्छ।

**जन्म संस्कार** – जन्म संस्कारलाई सबै संस्कारहरूमध्ये महत्त्वपूर्ण संस्कार मानिन्छ। छोरी शिशुको जन्म भए ५ दिनसम्म अनि छोरो शिशुको जन्म भए ७ दिनपछि पुरोहितका हातबाट शिशुको अनि घरको शुद्धीकरण गरिने परम्परा नेपाली समाजमा रहेको पाइन्छ। नेपाली समाजमा प्रचलित जन्म संस्कार विधिलाई शङ्कर प्रधानको 'सापट' कथामा यसरी प्रस्तुत गरिएको छ– छोरो जन्माएकाले सात दिनमा पुरोहित बोलाई ल्याएर विधिपूर्वक न्वारन गराए। गाउँका घरका सबै इष्ट मित्रलाई एकचोटिको पेटभरको भोजन गराएर खुसी बनाएर पठाए (प्रधान, इ सं २०१०, पृ–४९)। प्रस्तुत कथामा घरको शुद्धीकरण

गर्न पुरोहित बाजेलाई बोलाउने, छोराको जन्ममा सात दिनपछि न्वारन गरिने अनि छोराको जन्ममा हर्ष मनाउँदै इष्ट मित्रलाई घरमा बोलाई ज्युनार गरिने कुराले लोकमा प्रचलित जन्म संस्कारलाई देखाइएको छ।

**विवाह संस्कार** – ग्राहस्थाश्रममा धर्म, अर्थ काम त्रिवर्गको सिद्धिको साधन नै विवाह संस्कार हो। **नेपाली बृहत शब्दकोश**ले विवाहको अर्थ– स्त्री र पुरूषका बिचमा पति पत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कृत्य, बिहे (पराजुली, इ सं २०१५, पृ–११६२) भनी अर्थ्याएको छ। विवाह संस्कार यस्तो संस्कार हो जसले मानिसलाई व्यक्ति धरातलबाट माथि उठाई पारिवारिक र सामाजिक धरातलसम्म पुऱ्याउँदछ। डुवर्सका नेपाली कथाहरूले लोकमा प्रचलित यही संस्कार प्रस्तुत गरेका छन्। यस्ता कथाहरूमा बद्रीनारायण प्रधानको 'ड्राइभर तेजवीरको कथा', मदन खड्काको 'एक्ले', 'फेरि कहिले आउनु हुन्छ' अनि इन्द्रबहादुर गुरुङको 'राम्री' कथालाई लिन सकिन्छ। ड्राइभर तेजवीरको कथामा आर्थिक अवस्था राम्रो नभएकाले गर्दा घरकै करकापमा भागी विवाह गर्नु परेको अनि भागी विवाह संस्कारमा गरिने संस्कार जस्तै टिकाटालो गर्नु, छोरी अन्भनाउने जस्ता अभिनयात्मक प्रसङ्गलाई प्रस्तुत गरिएको पाइन्छ। उदाहरणका रूपमा– केले बिहे गरिदिनु र! होइन अहिले ती भागेर जाउन्। तीन–चार दिनपछि यसो टीको टालो गरिदिउँला (प्रधान, इ सं–––, पृ–६१)। त्यसरी नै मदन खड्काको 'एक्ले' कथामा लोकमा प्रचलित माँगी विवाहको संस्कार प्रस्तुत गरिएको पाइन्छ। गाउँका मान्यजन, ठुला–बडाहरूको अगुवाइमा कन्या माग्न जाने संस्कारलाई मदन खड्काले यसरी प्रस्तुत गरेका छन्– ''धर्मनन्द पण्डितले कुरो गरे– हामी कन्यार्थमा आएका हौं। यो हाम्रै गाउँकै त्रिलोक पाठककै नाति उदाम उपाध्याय हो। उसले यही गाउँमै जन्मेर आजसम्म यो गाउँ छोडेन। यतै विवाह गरेर घरजाम गर्ने विचारले उ हिजो बेलुकी म कहाँ आएर भन्यो– मलाई पिताको भूमिका निर्वाह गरी नर्मदालाई मागी दिनुहोस्। म पनि ब्राम्हण नै हुँ। यसर्थ मेरो जोडी बाँधिदिने काम गर्दिनुहोस्। मैले पनि सोचें राम्रै हुन्छ हाम्री नर्मदासित बिहे गर्दा, नराम्रो केही छैन'' (खड्का, इ सं २०१२, पृ–८२)। यसरी नै 'राम्री' कथामा मागी बिहेमा प्रस्तुत गरिएको संस्कारहरूले नेपाली संस्कृति प्रस्तुत गरेका छन्।

**मृत्यु संस्कार** – मानिसको भौतिक जीवन मृत्युमा टुङ्गिनु अर्थात् आत्मा र शरीर अलग हुनु नै भौतिक अर्थमा मृत्यु हो। मानिसलाई जन्म लिन अघि र शैशवावस्थासम्म आफन्तहरूले अनेक संस्कारहरूद्वारा परिष्कृत गरी राखेका हुन्छन्। त्यसै गरी मृत्युपछि पनि संस्कारहरूद्वारा नै आफन्त वा सन्ततिहरूले अनेक संस्कारहरू सम्पन्न गरी जन्ममरणको बन्धनबाट पूर्णतः मुक्ति वा सुखमय पुनर्जीवनको बाटो देखाई मुक्तिको बाटो देखाउने मार्ग देखाइदिने कार्य गर्दछ। यसरी मृत्युपरान्त गरिने संस्कारहरूलाई नै अन्त्येष्टि भनिन्छ। मृत्यु संस्कारमा गरिने विधिहरूलाई प्रस्तुत गरी लेखिएका कथाहरूमा विष्णु शर्मा अधिकारीको 'बौलाहा र डढेलो', अशोक रोकाको 'लाश उठ्यो' कथालाई लिन सकिन्छ। यस कथामा

बाबुको मृत्युपछि छोराहरूद्वारा गरिने संस्कारहरू प्रस्तुत गरिएको पाइन्छ। क्रियापुत्रीहरूले घिउ, चिनी र कागतीको रससँग भात खानु, बाहुन बाजेले स्याउला–स्याउली ल्याएर ढिकुरो छोपछाप पार्नु, खोलाको बगरमा भातको डल्लो बनाउनु, पिण्ड दान गर्नु जस्ता लोक संस्कारहरूलाई कथामा प्रस्तुत गरिएको पाइन्छ। कथामा देखिएका यस्ता संस्कारहरू नै लोक प्रचलित संस्कार हुन्। उदाहरण– नाङ्गा–मुडुला भएर कोरामा बसेका रमेश र सुरेश ढिकुरोका अघिल्तिर बसेका छन्। बाहुन बाजे हातमा किताब लिएर पढदै 'यसो गर', 'उसो गर' भनी आह्राउँदैछन्। पायस तयार भयो। पिण्ड बटारेर विधि–विधानसहित खोल्साको पानीमा सेलाइयो र पानी छर्किदिइयो। भाइ सुरेश ढुंगाका चम्काले बनिएको चुल्हामा भात पकाउन लाग्यो (अधिकारी, इ सं १९९६, पृ–३७)। त्यसरी नै सूर्यनारायण छेत्रीको 'गाडधन' कथामा मृत आत्माको शान्तिका निम्ति, म पात्रद्वारा मृत आत्माकै अनुरोधमा अन्त्येष्टि कार्य गरिएकोबाट मृत्यु संस्कार नगरिए आत्माले शान्ति पाउँदैनन् भन्ने लोक संस्कारप्रतिको विश्वास कथामा यसरी प्रस्तुत भएको पाइन्छ– ''बिमारी प्रेतको इच्छा अनुसार उसका दुइ गाग्रा गाडधनले नीतिपूर्वक त्यहीं बाहुन बोलाई काज–क्रिया सम्पन्न भयो। बिजुवा–फेदङ्बा बोलाई जम्मै काम सिद्ध गराइयो'' (छेत्री, इ सं १९८४, पृ–१३)।

डुवर्सका नेपाली कथाहरूमा नेपाली लोक जीवनका लोक संस्कारहरूको चित्रण पाइन्छ। लोक संस्कारहरूमा जन्म, विवाह अनि मृत्यु संस्कारलाई डुवर्सका नेपाली कथाकारहरूले कथाका विषयवस्तु बनाएका छन्। प्रस्तुत कथाहरूमा पाइने लोक संस्कारहरूको अध्ययन गर्दा यी कथाहरू लोक जीवनका संस्कार प्रस्तुत गर्न सफल भएका छन् भन्न सकिन्छ।

### ३.२ चाडपर्व सम्बन्धित कथा

चाडपर्वले आपसी भाइचारा, स्नेह सम्बन्ध, सदाचार आदि अभिवृद्धि गरी ईश्वर वा संस्कृतिप्रति श्रद्धाभाव जागृत गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्दछ। चाडपर्व सम्बन्धित कथाहरूमा किताबसिंह राईको 'भाइ टीकाको दिन', इन्द्रबहादुर गुरुङको 'राम्री', श्रीनारायण प्रधानको 'नाँच्यो माइच्याङ', मदन खड्काको 'फेरी कहिले आउनु हुन्छ', गंगाप्रसाद प्रधानको 'दिदी' कथाहरूलाई लिन सकिन्छ।

डुवर्सका नेपाली कथाहरूमा पाइने चाडपर्व सम्बन्धित कथाहरूलाई निम्न प्रकारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ–

#### ३.२.१ हर्षोल्लास सम्बन्धी कथा

हर्षोल्लास सम्बन्धी कथाहरूमा हर्ष उल्लासका साथ गरिने चाडपर्वहरू जस्तै रामनवमी, सरस्वती पूजा, फागु पूर्णिमा, महाशिवरात्रि, माघे सङ्क्रान्ति, दशैं आदि पर्दछन्। हर्ष उल्लासका साथ गरिने यस्ता

चाडपर्वहरूको आआफ्नै विशेषता रहेका छन्। हर्षोल्लास सम्बन्धी कथाहरूमा श्रीनारायण प्रधानको 'एउटा मूल्यहीन रोदन' कथालाई लिन सकिन्छ। यस कथामा महाशिवरात्री जस्ता धार्मिक उत्सवको उल्लासलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ। भक्तहरू उपवास बस्नु, भजन कीर्तन गर्नु, गाँजा–धतुरो खानु, प्रसादका रूपमा खिचडी खानु जस्ता परम्परालाई कथामा प्रस्तुत गरिएको पाइन्छ। कृष्ण योञ्जन गडबडेको 'बिधिको विधान' कथामा माघ महिनामा हर्ष उल्लासका साथ मनाइने चाड माघे सङ्क्रान्तिमा लोकले गर्दै आएको परम्परालाई कथामा प्रस्तुत गरिएको पाइन्छ। माघे सङ्क्रान्तिको दिन मकर नुहाउनु, केराको पात, सालको टपरी र दुनामा बत्ती बालेर खोलामा बगाउनु जस्ता प्रसङ्गले नेपाली संस्कृति झल्काएको पाइन्छ। यसरी नै नेपाली जातिको महान चाड दशैंका अवसरमा चेली–बेटीहरूले सालमा एकपल्ट भए पनि माइतीलाई सम्झी निधारमा टीका थाप्ने लोक परम्परालाई मदन खड्काको 'फेरि कहिले आउनुहुन्छ?' कथामा यसरी प्रस्तुत गरिएको छ– ''हातमा टीका मुछेको थाल लिएर छोरीलाई भने लौ यहाँनेर बस है। टीकामा रातो रंग मुछेर छेऊमा जमराको टपरा सार्दै टीका लगाइदिदैं बुढाले निकै लय हालेर आशिष फलाक्न थाले'' (खड्का, इ सं २०१२, पृ–५१)। यस अतिरिक्त 'गाडधन' कथामा पनि बिहे भएकी चेली लोग्नेसँग दशैंको टीका थाप्न माइती आउँदा सिसार बोक्नु, दशैंमा आएकी चेली तिहारसम्म माइतीमा बस्ने दस्तुरजस्ता प्रसङ्गले नेपाली लोक संस्कृतिलाई प्रस्तुत गरेको छ।

### ३.२.२ दाजु–भाइ/दिदी–बहिनीबिचको स्नेह सम्बन्धी

चाडपर्व भन्नाले उल्लासपूर्ण ढङ्गले एकअर्कामाझ आपसी भाइचारा, स्नेह सम्बन्ध, सदाचार आदि अभिवृद्धि गर्नु भनी बुझिन्छ। यस्तो स्नेह सम्बन्ध दाजुभाइ, दिदीबहिनीमाझ पनि हुने गर्दछ यस्ता स्नेह सम्बन्धी चाडहरूमा भाइटीकाको बेग्लै महत्त्व रहेको छ। डुवर्सका नेपाली कथाहरूमा नेपाली लोक संस्कृतिका प्रतीक भाइटीकालाई आधार मानी लेखिएका कथाहरूमा किताबसिंह राईको 'भाइटीकाको दिन' एउटा हो। प्रस्तुत कथामा तिहारमा घर सजाउनु, माइतीका निधारमा तीनरङ्गे टीका, गलामा सयपत्रीको माला लगाउनु जस्ता प्रसङ्गले नेपाली सांस्कृतिक चाड तिहारको विशेषता देखाएको पाइन्छ। उदाहरण स्वरूप– ''बिहानको आठ पनि बज्यो। घर–घरमा भाइटीका लगाइयो। गलामा मखमली, सयपत्रीको माला, निधारमा तीनरङ्गे टीका, चेली–बेटी र माइतीका स्नेहमय पवित्र बन्धनका द्योतक थिए'' (राई, इ सं १९८५, पृ–३)। यस अतिरिक्त 'गाडधन' कथामा पनि चेलीले माइतीलाई तिहारमा दुतिया खुवाउने प्रसङ्गबाट चेलीमाइतीबिच स्नेह सम्बन्ध देखाएको पाइन्छ। चेली माइतीबिचको यस्तो स्नेह सम्बन्धी कथाले नेपाली समाजमा प्रचलित लोक संस्कृतिलाई देखाएको पाइन्छ।

**३.३ लोक विश्वास सम्बन्धित डुवर्सका नेपाली कथाहरू**

लोक विश्वास भनेको परापूर्वकालदेखि लोकले आफ्नो अन्तर आत्मादेखि पत्याउँदै आएको परम्परित पद्धति रीति–थीति, चालचलन तथा लोक संस्कृति सम्बन्धी विश्वास हो जसमा भूतप्रेत, जादु–टुना, धाँमी–झाँक्री, शकुन–अपशकुन, लोकव्यवहार आदि सम्बन्धी विश्वासहरू पर्दछन्। लोक विश्वास लोकको मानसिक भावनाको प्रतीक हो भने भावना श्रद्धा र विश्वासबाट जन्मिएको मानसिक सोचाइको परिणाम हो। यसैले भावना भन्नाले मानसिक सोचाइको दृढ आस्था, श्रद्धा र विश्वासको मूल आधार बुझिन्छ। यही श्रद्धा, आस्थाकै कारणले मानिस कतिपय अपठ्यारा स्थितिबाट निस्किएका पनि छन्। यस्ता लोक विश्वासका कुराहरू डुवर्सका नेपाली कथाका विषय बनेका छन्। यस्ता लोक विश्वास सम्बन्धित कथाहरूमा 'झाँक्री गुरुङ', 'फेरी देखिएन', 'भूतको झापट', 'अभिन्न मित्र', 'देवदण्ड', 'दाम बढ्यो' 'आमा!!', 'आश्चर्य लाग्यो', 'मनस्थिति', 'के व्यथा', 'डर', 'भाग्यको लेखा', 'भाकल', 'दिदी', 'जीतमान र जिन्दाबाद', 'हाट अझै लाग्छ' आदि कथाहरूलाई लिन सकिन्छ। डुवर्सका नेपाली कथाहरूमा पाइने लोक विश्वासलाई मुख्यतः चार वर्गमा वर्गीकरण गरी अध्ययन गरिएको छ–

**क. भाग्य र कर्म सम्बन्धी लोक विश्वास** – लोकमा जन्मदेखि मृत्युपर्यन्त घटित हुने राम्रा नराम्रा, सुखद्–दुखद् घटनाहरूलाई भाग्यको रेखा वा कर्मको फल ठान्ने विश्वास रहेको पाइन्छ। कर्म वा भाग्यकै आधारमा विवाह सम्बन्ध सुखद वा दुखद हुनु, मानिस गरिब वा सम्पन्न हुनु, सन्तान सुख हुनु नहुनु जस्ता विश्वास लोकमा पाइन्छ। यस्तै भाग्य र कर्म सम्बन्धी लोक विश्वासमा आधारित कथाहरूमा इन्द्रबहादुर गुरुङको 'गौरी' कथालाई लिन सकिन्छ। प्रस्तुत कथाका पात्र गौरीले उनको भाग्यमा नै खोट भएकाले दाम्पत्य जीवन सफल नभए तापनि एकपल्ट जोडिएको लगन गाँठो पाप गरेर या त मरेपछि फुक्छ भन्दै आत्महत्या गरी लगन गाँठो फुकाएकी छ। ''जोडिएको लगन गाँठो फुक्न सक्दैन कहिले, या त पाप गरे फुक्छ या त फुक्छ मरेपछि'' (गुरुङ, इ सं १९९३, पृ–३३)।

यसरी नै भाग्यप्रति विश्वास भएका कथाहरूमा 'मनस्थिति' कथालाई लिन सकिन्छ। भाग्यमा हात्तीबाट नै मरण लेखिएको छ भने कसै गरेर पनि बाँच्नै सकिँदैन भन्दै भाग्यप्रतिको लोकविश्वासलाई 'मनस्थिति' कथामा यसरी प्रस्तुत गरिएको पाइन्छ– ''यदि मार्छ भने मारोस्, उसकै हातबाट मर्नु भनेर निधारमा लेखेको छ भने कसै गरेर पनि टार्न सकिँदैन भएरै छाड्छ। आफ्नो कर्मको फल सम्झनु पर्छ'' (प्रधान, इ सं २०१०, पृ–२३)। 'दाम बढ्यो आमा!!' कथामा भाग्य र कर्मकै कारणले मानिस गरिब भएको, अर्काका धनमा लोभ गरे केही हुँदैन गरिब हुनु सबै कर्मकै फल हो भन्ने प्रसङ्गबाट आमाको कर्मप्रतिको विश्वासलाई प्रस्तुत कथामा यसरी प्रस्तुत गरिएको पाइन्छ– ''आफ्ना आफ्नै कर्मको फल

भोग्नै पर्छ। अर्काको धनमा लोभ र लालच गरेर हुँदैन'' (प्रधान, इ सं २०१०, पृ-२३)। यसरी नै 'आश्चर्य लाग्यो' कथामा असल कर्म गर्ने मानिसहरूसँग असल नै हुन्छ भन्ने कुरा सालीमा दिदीको मृत्युको प्रसङ्गबाट यसरी प्रस्तुत गरिएको पाइन्छ- ''तर मानिस मर्नु पनि कर्मकै फल भन्छ। किनभने कति मानिस दुःख-कष्ट, पिर-वेदना सहेर मर्छन्। कति चाहिँ बोल्दा बोल्दै, हिँड्दा हिँड्दै मृत्युका मुखमा पर्छन्, उसलाई न रोग, न कष्ट न घरका मानिसलाई दुःख'' (प्रधान, इ सं २०१०, पृ-२३)।

सन्तान सुख मानिसकै कर्ममा निर्भर हुन्छ भन्ने विश्वासलाई 'बाटुली' कथामा प्रस्तुत गरिएको पाइन्छ- ''यदि हाम्रो कर्ममै सन्तान-सुख छैन भने कसको के लाग्छ र बाटुली, भयो नरोऊ'' (गुरुङ, इ सं १९९३, पृ-३३)। बिहे भएको दश वर्ष भइसक्दा पनि बाटुली र वीरमानबाट कुनै सन्तान सुख प्राप्त नहुँदा बाटुलीलाई सम्झाउँदै वीरमानले भनेको उक्त कथनबाट उनको कर्मप्रतिको विश्वास बुझ्न सकिन्छ। यसरी नै 'झाँक्री गुरुङ' कथामा झाँक्री गुरुङको कुष्ठ रोग पुर्खाको वा आफूले गरेको कर्मको फल हो अनि यसको प्रायश्चित यसै जन्ममा गर्नु असल हो भन्ने कर्मप्रतिको विश्वास झाँक्री गुरुङको उक्त कथनबाट थाहा पाउन सकिन्छ- ''ऊ सोच्थ्यो, मेरो बाजे-पुर्खाको पाप हो, या त मेरो आफ्नै कर्मको फल हो। कोरले मेरा हात गोडा र शरीरका अंग-प्रत्यंगहरू कुहेर झर्न थालिसकेका छन् अब। कतै मेरा पुर्खाहरू अथवा म स्वयंले गरेको भीषण पापको प्रतिफल मेरा यी निष्कपट सन्तानहरूले भोग्न पर्दैन? सोच्दा-सोच्दै उसका शरीरका रौंहरू बुरूरू ठाडिन्थे। अब उसका पुर्खाहरूले गरेका पापका भागीदार ऊ एक्लै हुन चाहन्थ्यो। र प्रायश्चित गर्न चाहन्थ्यो'' (गुरुङ, इ सं १९९३, पृ-३३)। ''तर केही क्षणमै उसको अनुहार उज्यालियो। मानौं उसले अब निसंकोच आफूलाई विजयी घोषित गर्‍यो। आफूले आफैलाई घृणाको पात्र बनाएर आफ्नो पापको दण्ड आफैले दिन सकेकोमा संतोष लाग्यो उसलाई'' (गुरुङ, इ सं १९९३, पृ-३३)। जस्तो कर्म गरिन्छ त्यस्तै नै कर्मको फल यसै जन्ममा भोग्नु पर्छ भन्ने कुरालाई कथाहरूले प्रस्तुत गरेका छन्। यसरी नै ईश्वरको लीला अपार छ, उनी नै संसारका सृष्टिकर्ता अनि अन्नदाता हुन् भन्ने ईश्वरप्रतिको आस्थालाई 'आश्चर्य लाग्यो' अनि 'पीपलको सर्प' कथामा प्रस्तुत गरिएको छ। ईश्वरप्रतिको आस्थालाई 'आश्चर्य लाग्यो' कथामा शकु पात्रको भनाइबाट यसरी प्रस्तुत गरिएको पाइन्छ- ''सुधा देवको लीला अपार छ। कसैले रोकेर रोक्न सकिन्न। जिन्दगीभरि चोट रहिबस्छ, बिर्सन कदापि सकिन्न'' (प्रधान, इ सं २०१०, पृ-१७)। यसरी नै डी बी राईको 'पीपलको सर्प' कथामा ईश्वर नै संसारका सृष्टिकर्ता अनि अन्नदाता हुन् भन्ने ईश्वरप्रतिको आस्था यसरी प्रस्तुत गरिएको छ- ''जे सुकै भन् न। भगवान् त छ। यत्रो संसार, नभए कसरी चल्छ? भगवान् छ र त हामीलाई खानु, लाउनु दिन्छ'' (राई, इ सं २००३, पृ-६७)।

**ख. भूतप्रेत सम्बन्धी लोक विश्वास** – भूतप्रेत सम्बन्धित कथाहरूमा मायादेवी योञ्जनको 'अभिन्न मित्र', सूर्यनारायण छेत्रीको 'गाडधन', विष्णु शर्मा अधिकारीको 'फेरि देखिएन', 'भूतको झापट' आदि कथाहरू लिन सकिन्छ। प्राचीन कालदेखि नै भूतप्रेतप्रति मानिसहरूमा सकारात्मक र नकारात्मक लोक विश्वास रहेका पाइन्छन्। डुवर्सका नेपाली कथाहरूमा पवित्र आत्मा भएका भूतप्रेत सम्बन्धी कथाहरू पाइन्छ। भौतिक शरीर नाश भए पनि आत्मा अमर हुन्छ, पवित्र आत्माले कसैलाई दुःख दिँदैन भन्ने प्रसङ्गलाई मायादेवी योञ्जनको 'अभिन्न मित्र' र सूर्यनारायण छेत्रीको 'गाडधन' कथामा प्रस्तुत गरिएको पाइन्छ। 'गाडधन' कथामा सबै मानिसप्रति प्रेम भाव राख्ने पवित्र मन भएको पात्र जन्तरे याख्खा हैजाले ग्रसित रोगीको सेवा गर्दै आफू पनि हैजाकै रोगले मृत्युको सिकार भई प्रेत बनी त्यही घरमै बसे तापनि कसैलाई नराम्रो मनसायले दुःख नदिएको कुराबाट उनी पवित्र आत्मा थिए भन्न सकिन्छ। ''मैले दुःख बिसाएको यति काम गर्दिनु भए, म सदा तपाईँको गुण मान्दै कृतज्ञ बन्ने थिएँ। बस्... अब मलाई राम्ररी चिन्नु भयो होला। म जिउँदो मानिस होइन। म मरेको आज तीन दिन भयो। तपाईँलाई धन्यवाद छ। बिदा......'' (छेत्री, इ सं १९८४, पृ–१२)। यसरी नै 'अभिन्न मित्र' कथामा मृत्युपछि पनि मित्रलाई एकपल्ट भेट्ने इच्छा पुरा गर्न कथाको पात्र प्रताप म पात्रको भाडा कोठामा पुग्नु, मित्रलाई कुनै प्रकारको खति नपुऱ्याउनु जस्ता घटनाबाट उनी पवित्र मन भएका आत्मा थिए भन्ने कुरो थाहा पाउन सकिन्छ।

नेपाली समाजमा भूतप्रेत हुन्छ भन्ने लोक विश्वास विष्णु शर्मा अधिकारीको 'फेरी देखिएन' कथामा अरूण पात्रको म पात्रलाई भूत हुन्छ भनिएको कथनबाट थाहा पाउन सकिन्छ। ''तिमीले आफ्नै आँखाले देखेका छैनौ यस कारण पत्याउँदैनौ। जुन दिन देख्छौ त्यस दिन नपत्याई धर पाउँदैनौ'' (अधिकारी, इ सं १९९६, पृ–२८)। यसरी नै भूतले चकमन्न रातमा चाल मार्ने, राति मात्र देखिने, सेतो वस्त्र मात्र धारण गर्छ भन्ने भूतप्रतिको लोक धारणा उनका कथामा पाइन्छ। अरूणले भन्यो, ''चकमन्न रातमा चाल गर्छ। उठेर हेऱ्यो केही छैन। यो भूतको काम नभए कसको काम हो त?'' (अधिकारी, इ सं १९९६, पृ–२९)।

**ग. संस्कारप्रति लोक विश्वास**

जन्मदेखि मृत्युसम्म मानिसहरू विभिन्न संस्कारका घेराहरूमा बसेका हुन्छन्। कुनै पनि कार्यका निम्ति त्यही संस्कार अनुसारको लोक विश्वास पनि हुने गर्दछ। यस्तै संस्कारप्रतिको लोकविश्वास डुवर्सका नेपाली कथाहरूमा पाउन सकिन्छ। संस्कारप्रतिको लोक विश्वासलाई 'आश्चर्य लाग्यो', 'गल्लीभित्र' अनि 'गौरी' कथामा प्रस्तुत गरिएको पाइन्छ। 'आश्चर्य लाग्यो' कथामा दाह संस्कार गर्न अघि नै पार्थिव शरीरलाई फुल–माला, खदा लगाइदिनु, बाटामा शवलाई फुलमालाद्वारा श्रद्धाञ्जलि दिन नहुने जस्ता संस्कारप्रतिको लोक विश्वास प्रस्तुत कथामा सुधा र शकु पात्रका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ। ''ढिलो भइसक्यो। अर्थी निकालिसकेपछि बाटामा श्रद्धाञ्जलि चडाएको राम्रो सुहाउँदैन अनि

महत्त्व पनि हुँदैन'' (प्रधान, इ सं २०१०, पृ–१७)। पति धर्म सम्बन्धी संस्कार पनि डुवर्सका नेपाली कथाहरूमा पाइने संस्कारहरूमध्ये एउटा हो। नेपाली समाजमा लोग्नेप्रतिको धार्मिक संस्कार अन्तर्गत लोग्नेलाई सर्वस्व मान्नु, लोग्नेकै सतमा बस्नु, लोग्नेको मृत्यु भएपछि तीर्थ जानु जस्ता लोक संस्कारहरू पर्दछन्। यस्ता लोग्नेप्रतिको समर्पण भावनालाई कमला खप्तावलीको 'गल्लीभित्र', इन्द्रबहादुर गुरुङको 'गौरी' आदि कथाले प्रस्तुत गरेका छन्। कमला खप्तवलीको 'गल्लीभित्र' कथामा बर्तालीा बज्यैको लोग्ने बर्ताली बज्यै ७ वर्षका उमेरमा स्वर्गवास भएपछि लोग्नेकै सतमा ७ वर्षकै उमेरमा तीर्थयात्री बनी काशीमा बस्दै आएको कुराबाट बर्ताली बज्यैको लोग्नेप्रतिको भक्ति कथामा यसरी देखाइएको पाइन्छ– ''सात वर्षको उमेरदेखि अहिले अस्सी वर्षको उमेर पुग्दैछ, पतिको सतमा बसेर काशीवास गरी मुक्ति पाउन बनारस आएको साठी वर्ष पुग्यो। घर नेपालको ४ नम्बर। आजसम्म उसले कसैले पकाएको खाना खाएको छैन अनि खाँदैन पनि। उनी कट्टर ब्राह्मणी'' (खप्तावली, इ सं १९९३, पृ–७७)। यसरी नै लोक धर्म सम्बन्धी संस्कारहरूमा इन्द्रबहादुर गुरुङको 'गौरी' कथालाई लिन सकिन्छ। प्रस्तुत कथामा लोग्नेले आजीवन स्वास्नीका रूपमा स्वीकार नगरे तापनि लोग्नेकै हित चाहने अनि लोग्नेलाई नै सर्वस्व मान्ने, स्त्री धर्मको अवलम्बन गर्ने लोक संस्कारलाई गौरीका माध्यमबाट कथामा देखाइएको पाइन्छ। गौरीको पतिधर्म उनको निम्न कथनबाट थाहा पाउन सकिन्छ– ''ह्वैन....ह्वैन, यस्तो कदापि हुन सक्तैन। लोग्ने मान्छेले चाहे जे जतिसुकै अन्याय नारीप्रति गरेर आएको होस्, तर नारी जाति पराकालदेखि नै आफ्नो कर्तव्यबाट विमुख भएकी छैन। लोग्ने मान्छेले दश दशपल्ट लगन गाँठो फुकायो, बाँध्यो, तर नारीले एकपल्ट बाँधिएको लगन गाँठो फुक्न दिएको छैन। म पनि यस परम्पराको रक्षा गर्ने छु। तपाईँहरूको छोरो मेरो पति हो अनि म भरजन्म उहाँलाई नै पति मान्ने छु, चाहे उहाँले मलाई पत्नीका रूपमा स्वीकार गरून् या नगरून्'' (गुरुङ, इ सं १९९३, पृ ३६)।

### घ. दानव्रत सम्बन्धी लोक विश्वास

लोक समाजमा विभिन्न प्रकारका दानव्रत सम्बन्धी लोक विश्वासहरू पाइन्छन्। यस्ता कथाहरूमा विष्णु शर्मा अधिकारीको 'भ्रम', 'बहुला र डढेलो', मदन खड्काको 'भाकल'। दान गऱ्यो भने मृतात्माले स्वर्गमा वास पाउँछ, चिताएको कुराहरू पुग्छ अनि पापको भार हलुङ्गो हुन्छ भन्ने लोक विश्वास पाइन्छ। यसरी नै व्रत बस्यो भने देवी–देवतालाई खुसी पारी मनले चिताएको कुरा प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई विष्णु शर्मा अधिकारीको 'भ्रम' कथामा प्रस्तुत गरिएको पाइन्छ। त्यसरी नै रमेशकी आमाको मृत्युमा जुन गाईको दुधले पिण्ड मुछिएको थियो त्यही गाई दान गरे आत्माले खोला नाला काटेर स्वर्गमा वास पाउने अनि बाबाका मृत्युमा एक बिघा पानी लाग्ने खेत दान गरेमा बैकुण्ठमा बास बस्छन् भन्ने गरुड पुराणको धाक दिई दान दिने सम्बन्धी लोक विश्वास 'बौलाहा र डढेलो' कथामा

प्रस्तुत गरिएको पाइन्छ। यसरी नै स्वस्थ शिशुको जन्म भए मन्दिरमा भाकल पुरा गर्ने, रोगबाट स्वस्थ भए देवी–देवतालाई धुप बत्ती बाली पूजा अर्चना गर्ने अनि पीपलका रुखमा पानी चढाए शनिग्रह शान्त हुन्छ भन्ने लोक प्रचलित दान–व्रत सम्बन्धी लोक विश्वासका संस्कारलाई डुवर्सका नेपाली कथाले प्रस्तुत गरेका छन्।

**ङ. धामीझाँक्री सम्बन्धी लोक विश्वास**

तन्त्र मन्त्रको प्रयोग गरी झारफुक गर्ने र रोगीको उपचार गर्ने व्यक्ति, धामी (पराजुली (सम्पा), इ सं २०१५)–लाई झाँक्री भनिन्छ। नेपाली समाजमा डाक्टरको औषधीबाट उपचार नभएको रोगीलाई धामीझाँक्रीका उपचारले निको भएको लोक विश्वाास मदन खड्काको 'यस्तो पनि हुँदोरै'छ', इन्द्रबहादुर गुरुङको 'झाँक्री गुरुङ', गङ्गाप्रसाद प्रधानको 'डर', अशोक रोकाको 'हाट अझै लाग्छ' कथामा देख्न पाइन्छ। इन्द्रबहादुर गुरुङको 'झाँक्री गुरुङ' कथामा झाँक्री गुरुङ पात्रको नामले नै नानीहरू बिसेक भएको, कसैलाई झारफुक, कसैलाई औषधी, कसैलाई बुटी, कसैलाई पानी फुकेर त कसैलाई चिन्ता बसेर जाति पारेको प्रसङ्ग पाइन्छ। झाँक्रीप्रतिको विश्वास प्रस्तुत कथामा यसरी प्रस्तुत गरिएको छ– ''हुन पनि नानीहरू बिरामी भए भने झाँक्री गुरुङको नाउँ लिनासाथ आधा बिमारी राम्रो भइहाल्छ भन्थे। दुई–चारजना बिमारी उसकामा कहिले पनि नटुट्ने। कसैलाई झारफुक, कसैलाई औषधी, कसैलाई बुटी, कसैलाई पानी फुकेर त कसैलाई चिन्ता इत्यादि गरेर पनि बिरामी जाती पार्थ्यो उसले'' (गुरुङ, इ सं १९९३, पृ–१४)। 'यस्तो पनि हुँदो रै'छ' कथामा डाक्टरको औषधीबाट निको नभएकी ठट्टा ठट्टामा नै झाँक्रीको अभिनय गरी उपचार गरे तापनि बज्यैको बचरेप्रतिको विश्वासले धैरे वर्षदेखि रोगी भएकी नातिनी जाती भएको घटनाले लोकमा झाँक्रीप्रतिको लोक विश्वास देखाएको पाइन्छ। उदाहरणस्वरूप उक्त प्रसङ्ग लिन सकिन्छ– ''बजैको उज्यालो अनुहार देखेर बचरेले सोध्यो– अहिले बिमारी नानीलाई कस्तो छ? बजैले नानीहरूले उपचार गरेपछि त काँडा झिके झैं भयो। अहिले त घरधन्दा पनि गर्ने भईसकी'' (खड्का, इ सं २०१२, पृ–७७)। यसरी नै अशोक रोकाको 'हाट अझै लाग्छ' कथामा हरिमायाको ज्योतिषीप्रतिको लोक विश्वासलाई कथामा प्रस्तुत गरेको पाइन्छ। ज्योतिषप्रतिको लोक विश्वासले हरिमाया रामसेसँग बिहेसम्म गर्न पुगेकी छे। यसरी नै चन्द्रवीर प्रधानको के 'व्यथा' कथामा वीरे साहिँलाको झाँक्रीप्रतिको लोक विश्वासबाट लोकमा प्रचलित झाँक्रीप्रतिको आस्था देखाएको पाइन्छ।

**४ निष्कर्ष**

डुवर्सका नेपाली कथामा पाइने लोक सांस्कृतिक पक्षलाई तीनवटा आधारमा अध्ययन गरेर हेर्दा डुवर्सका नेपाली कथाहरू लोक सांस्कृतिक दृष्टिले सफल रहेका छन् भन्न सकिन्छ। डुवर्सका नेपाली

कथाहरूको लोक सांस्कृतिक अध्ययन गर्दा कथाहरूमा पाइएका लोक सांस्कृतिक सन्दर्भलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ –

- लोक संस्कृतिलाई प्रस्तुत पत्रमा लोक संस्कार, चाडपर्व अनि लोकविश्वास गरी तीनवटा वर्गमा राखी अध्ययन गरिएको छ।
- लोक विश्वास अन्तर्गत भूतप्रेत, बोक्सी, जादु, धामीझाँक्री, शकुन–अपशकुन आदिबारे जन विश्वास एवम् तीसँग सम्बन्धित लोक व्यवहारहरू पर्दछन् भने लोक रीति एवम् व्यवहारहरूमा जीवनका संस्कारहरू, चाडपर्वहरू, व्रत, उपवास र पूजाविधिहरू, सम्मान र अभिवादनका विधिहरू तथा धर्म, विश्वास र मान्यताका सबै अभिव्यक्तिहरू पर्दछन्।
- डुवर्सका नेपाली कथाहरूमा नेपाली लोक जीवनमा प्रचलित सामाजिक संस्कारहरूको चित्रण वर्णन भएको पाइन्छ।
- डुवर्सका नेपाली कथाका पात्रहरूले विभिन्न चाडपर्व, उत्सवहरू हर्षोल्लाससाथ मनाएका पाइन्छन्।
- चेली माइतीको सम्बन्ध पवित्र हुन्छ भन्ने कुरालाई पनि यी कथाहरूले प्रस्तुत गरेका छन्।
- डुवर्सका नेपाली कथाहरूमा लोग्ने नै सर्वस्व हो भन्दै लोग्नेलाई देवता मान्ने लोक आस्था कथाहरूमा प्रस्तुत गरिएको पाइन्छ।
- नेपाली जाति प्रकृति पूजक जाति हुन् भन्ने कुरो पनि यस क्षेत्रका कथाहरूले प्रस्तुत गरेका छन्।
- संस्कृतिलाई जीविकोपार्जनको माध्यम पनि बनाउन सकिन्छ भन्ने आशय यस क्षेत्रका कथाहरूमा पाइन्छ।
- नेपाली समाजमा डाक्टरी उपचारले निको नभएका रोगीलाई धामीझाँक्रीका उपचारले निको पारिने प्रसङ्गले लोकमा झाँक्रीप्रतिको लोक विश्वास डुवर्सका कथामा सफल ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ। रोगीलाई झाँक्रीले झारफुक गरी, औषधी, बुटी, पानी फुकेर अनि चिन्ता बसेर निको पारिएको लोकमा प्रचलित झाँक्रीप्रतिको लोक विश्वासका प्रसङ्ग यस क्षेत्रका कथाहरूले प्रस्तुत गरेका छन्।

## सन्दर्भ


१. गुरुङ इन्द्रबहादुर, इ सं १९९३, **बुखिमबारीका कथाहरू**, डुवर्स, आमा प्रकाशन।

२. छेत्री एस एन, इ सं १९८४, **गाडधन**, सिलगडी, सुमेरू प्रेस।

३. खप्तावली कमला, इ सं १९९३, **क्रमशः एउटा दिन जन्मन्छ**, डुवर्स, खप्तावली प्रकाशन।

४. राई किताबसिँह, इ सं १९८५, **पहेँलो गुलाबको फूल**, बीरपाडा, सौगात प्रकाशन।

५. पराजुली कृष्णप्रसाद (सम्पा), इ सं २०१५, **नेपाली बृहत शब्दकोश**, नवौँ संस्करण, काठमाण्डौँ, नेपाल प्रज्ञा प्रतिष्ठान।

६. बन्धु चूडामणि, इ सं २००९, **नेपाली लोकसाहित्य**, पहिलो संस्करण, काठमाडौँ, एकता बुक्स।
७. राई डी बी, इ सं २००३, **नफूटेको सपना**, डुवर्स, मुक्ति प्रकाशन।
८. प्रधान मनारायण (सम्पा), इ सं १९९४, **सृष्टा**, डुवर्स विशेषाङ्क, वर्ष-१६,अङ्क-३५, गेजिङ बजार, पश्चिम सिक्किम साहित्य प्रकाशन।
९. ढुंगाना रामचन्द्र (सम्पा), इ सं २०११, **संक्षिप्त नेपाली कोश**, छैटौँ संस्करण, पुलचोक, ललितपुर, साझा प्रकाशन।
१० खत्री प्रेमकुमार, इ सं २००४, **नेपाली समाज र संस्कृति**, चौथो संस्करण, काठमाडौँ, साझा प्रकाशन।
११ प्रधान बद्रीनारायण, इ सं-----, **संगत**, नाम्ची, सिक्किम, निर्माण प्रकाशन।
१२ खड्का मदन, इ सं २०१२, **उल्टा चमडाको जुत्ता**, बाग्राकोट, खड्का प्रकाशन।
१३ अधिकारी विष्णु शर्मा, इ सं १९९६, **असिनाले झारेका फूलहरू**, पुष्पा प्रकाशन।
१४ प्रधान शङ्कर, इ सं २०१०, **मनस्थिति**, वाराणसी, उदय प्रकाशन।
१५ सुवेदी हंसपुरे, इ सं २०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, काठमाडौँ, साझा प्रकाशन।

•